" सुन्दर, समुन्नत र समृद्ध लक्ष्मीनियाँ गाउँपालिका "

# लक्ष्मीनियाँ गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

लक्ष्मीनियाँ बजार, धनुषा

मधेश प्रदेश, नेपाल

प.स. ०८३/८४

च.नं.

मिति : २०८३/०४/०७

सूचना! सूचना!! सूचना!!!

## विषयः- आवेदन पेश गर्ने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा युवा, श्रम तथा रोजगार मन्त्रालयको पत्र सं.२०८३/०८४ च.नं. रो. का. व्य. शा/ ६ मिति २०८३/०४/०५ गतेको पत्रानुसार कोरिया अन्तराष्ट्रिय सहयोग नियोग (KOICA) को K-HaMi परियोजना अन्तर्गत (EPS) मार्फत दक्षिण कोरियामा काम गरी नेपाल फर्किएका व्यक्तिहरुलाई उद्यमशीलतामा जोड्न उद्यमीहरुलाई निःशुल्क बुटक्याम्प, मेन्टरसीप तथा सहुलियतपूर्ण कर्जाका लागि सिफारिस लगायत प्राविधिक सहयोग गर्ने भएकोले इच्छुक लाभग्राहीहरुले मिति २०८३/०४/१३ गतेसम्म https://rinnepal.org/rin मार्फत Online आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

पुनश्चः मन्त्रालयको पत्र साथ संलग्न सूचना यसै पत्र साथ संलग्न छ।

थप जानकारी आवश्यक भएमा रोजगार संयोजकको मोवाइल नं. ९८५४०२८८३९ मा सम्पर्क गर्न गर्नुहुन ।

..........................

मिथिलेश ठाकुर

प्रमुख प्रशासकीय अधिकृत

मिथिलेश ठाकुर

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
रोजगार कार्यक्रम व्यवस्थापन शाखा
सिंहदरबार, काठमाडौं

https://gioms.gov.np

प.सं. :- ०८३/८४
च.नं. :- रो.का.व्य.शा./६

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाडौं

मिति :- वि.सं. २०८३/०४/०५
ने.स. :- ११४६ दिल्लाथ्व.७ मङ्गलबार

विषय: : RIN Cohort III को सूचना प्रचारप्रसार तथा सहजीकरण गर्ने सम्बन्धमा।

श्री रोजगार, सीप तथा उद्यमशीलता केन्द्र,
(७५३ वटै स्थानीय तह)।

कोरिया अन्तर्राष्ट्रिय सहयोग नियोग (KOICA) को K-HaMi परियोजना अन्तर्गत इपिएस (EPS) मार्फत दक्षिण कोरियामा काम गरी नेपाल फर्किएका व्यक्तिहरुको उद्यमशीलता विकास तथा दिगो एकीकरणका लागि सञ्चालित Returnee Innovators for Nepal (RIN) Cohort III कार्यक्रमको आवेदन आह्वानसम्बन्धी सूचना प्राप्त भएको छ। यस कार्यक्रममा छनोट हुने उद्यमीहरूलाई निःशुल्क उद्यमशीलता बुटक्याम्प, मेन्टरसिप तथा सहुलियतपूर्ण कर्जा (Interest Subsidy Loan) का लागि सिफारिस लगायतका प्राविधिक सहयोग उपलब्ध गराइने प्रावधान रहेको छ। यस कार्यक्रममा सहभागी हुन इच्छुक र योग्य लाभग्राहीहरूले आगामी मिति २०८३ साउन १३ गते (२९ July २०२६) सम्म अनलाइन मार्फत आवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । नेपाल सरकारको स्वरोजगार प्रवर्द्धन नीति अनुरूप उक्त सूचना वास्तविक लाभग्राहीसम्म पुऱ्याई कोरिया रिटर्नीहरूलाई उद्यमशीलतामा जोड्न तहाँ केन्द्रहरूबाट देहाय गर्न/गराउनुहुन निर्णयनुसार अनुरोध छ:

१.संलग्न सूचना तथा प्रवर्द्धनात्मक सामग्री केन्द्रको सूचना पाटीमा टाँस गर्ने तथा स्थानीय सञ्चार माध्यम र सामाजिक सञ्जाल मार्फत प्रचार प्रसार गर्नुहुन ।

२.आफ्नो क्षेत्रभित्र रहेका सम्बन्धित कोरिया रिटर्नीहरूलाई सुसूचित गरी कार्यक्रमको आधिकारिक लिंक (https://rinnepal.org/rin) मार्फत समयसीमा भित्र अनलाइन आवेदन दिन आवश्यक प्राविधिक एवं प्रशासनिक सहजीकरण गर्नुहुन ।

संलग्न: RIN Cohort III को सूचना तथा प्रवर्द्धनात्मक सामग्री

श्री प्रशासन शाखा / रोजगार शाखा
website, facebook, सूचनापाटीमा टाँस गर्ने।
सबै वडा कार्यालयहरूमा प्रेषित गर्ने।
२०८३/०४/०७

Kushal Baral

(कुशल बराल)
शाखा अधिकृत

बोधार्थ/कार्यार्थ:
सूचना प्रविधि तथा तथ्याङ्क शाखा,
युवा,श्रम तथा रोजगार मन्त्रालय
(पत्रसाथ संलग्न RIN Cohort III को सूचना तथा प्रवर्द्धनात्मक सामग्री मन्त्रालय र राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (NEPP) को आधिकारिक वेबसाइटमा यथाशीघ्र अपलोड गरी प्रकाशन गरिदिनुहुन ।

RIN
Returnee Innovators for Nepal

K-HaMi
Happy Migration

# CALL FOR APPLICATIONS

## Returnee Innovators for Nepal [RIN] Cohort III

कोरिया अन्तर्राष्ट्रिय सहयोग एजेन्सी (KOICA) को आर्थिक सहयोगमा संचालित RIN कार्यक्रम, K-HaMi परियोजनाको एउटा भाग हो, जुन **कोरियाबाट रोजगारपछि फर्किएका व्यक्तिहरु (Returnee Migrants)** का लागि लक्षित छ। यसमा हाल वा विगतमा **रोजगार अनुमति प्रणाली (Employment Permit System - EPS)** अन्तर्गत Republic of Korea मा कार्यरत रहेका नेपाली नागरिकहरू सहभागी हुन सक्छन्। यस कार्यक्रमको मुख्य उद्देश्य उनीहरूको उद्यमशील क्षमता विकास गर्नुका साथै नेपाल फर्किएपछि आफ्नो व्यवसाय स्थापना गर्न र त्यसको वृद्धि तथा विस्तार गर्न आवश्यक सहयोग प्रदान गर्नु हो।

### परियोजनाले के प्रदान गर्छ?

- निःशुल्क उद्यमशीलता विकास बुटक्याम्प, व्यवसाय संवर्धन, परामर्शदातासंग छलफल कार्यक्रम र संजाल विस्तारमा भाग लिने अवसर
- प्रमाण पत्र, नगद पुरस्कार र मिलन कोषको लागि अवसर
- व्यवसाय विज्ञहरू तथा मार्गदर्शक (मेन्टरहरू) को सहयोग र मार्गदर्शनमार्फत आफ्नो व्यवसायिक अवधारणालाई विकास गर्न र अझ सुदृढ बनाउन पाउने अवसर
- KOICA K-HaMi Loan [ब्याजमा अनुदान] मार्फत सहज पहुँच

### कसले आवेदन दिन सक्छ?

आवश्याकताहरु

- EPS अन्तर्गत कोरियाबाट फर्केका व्यक्तिहरु
- ५ महिना कार्यक्रममा भाग लिने प्रतिबद्धता भएको ( in-person and virtual)

**प्रारम्भिक चरणका लागि आवेदन**

- व्यवसाय संचालन गर्ने योजना (सोच) भएको वा सञ्चालनमा आएको ३ वर्षभन्दा कम समय भएको

**वृद्धि चरणका लागि आवेदन**

- ३ वर्षभन्दा बढी समयदेखि सञ्चालनमा रहेको व्यवसायलाई विस्तार वा वृद्धि गर्न इच्छुक

### आवेदन भर्नुहोस्

यहाँ तपाईंको उपयुक्त चरण स्क्यान गर्नुहोस् र सहभागी हुन Google फारम भर्नुहोस्।

**प्रारम्भिक चरणका लागि आवेदन**

सहभागीहरूका अवधारणाहरूलाई व्यवहार्य व्यावसायिक मोडेलमा रूपान्तरण गर्न सहयोग पुर्‍याउने उद्देश्यले प्रारम्भिक (Start-up) बुट क्याम्प आयोजना गरिनेछ।

**वृद्धि चरणका लागि आवेदन**

व्यवसायहरूलाई विस्तार गर्न सहयोग पुर्‍याउने उद्देश्यले प्राविधिक परामर्श तथा सल्लाहकार सेवाहरू प्रदान गरिनेछ।

**आवेदन दिने अन्तिम मिति जुलाई २९, २०२६ (श्रावन १३, २०८३)**

### २०२६ तालिका

- AUG 10-14 — Start-up Boot Camp (प्रारम्भिक चरणका लागि मात्र)
- SEPT-NOV — Incubation & Mentoring (दुवै प्रारम्भिक र वृद्धि चरणका लागि)
- DEC — RIN Showcase (दुवै प्रारम्भिक र वृद्धि चरणका लागि)

Funded by KOICA    Implemented by    mysc